
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २५ ❑ अङ्क ६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १ गते बिहीबार ❑ 14 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५


## प्रधानमन्त्री दाहाललाई प्रतिनिधिसभाबाट तेस्रो पटक विश्वासको मत

**रासस**
काठमाडौं, ३० फागुन



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाबाट तेस्रो पटक विश्वासको मत प्राप्त गर्नुभएको छ। प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्रीले प्रस्तुत गर्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा एक सय ५७ मत र विपक्षमा एक सय १० मत प्राप्त भएको छ।

बैठकमा दुई सय ६८ सांसद उपस्थित हुनुहुन्थ्यो भने सात सांसद अनुपस्थित हुनुभएको थियो । कुल दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा विश्वासको मतका लागि एक सय ३८ मत आवश्यक पर्छ । विश्वासको मतसम्बन्धी प्रस्तावलाई मत विभाजनको प्रक्रियामा लगिएको थियो । सभामुख देवराज घिमिरेले मत विभाजनको परिणाम सार्वजनिक गर्दै प्रधानमन्त्री दाहालले राख्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा एक सय ५७ प्राप्त भएको जानकारी गराउनुभयो । उहाँले सो सङ्ख्या प्रतिनिधिसभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमत भएकाले प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो।

प्रधानमन्त्री दाहाललाई सत्ता साझेदार नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टीका सांसदले विश्वासको मत दिनुभएको थियो । यही फागुन २१ गते सत्ता गठबन्धनमा परिवर्तन भएसँगै नेपाली कांग्रेसले प्रधानमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्रीले आज पुनः विश्वासको मत लिनु भएको हो । माओवादी केन्द्रका अध्यक्षसमेत रहनुभएका दाहाल २०७९ साल पुस १० गते प्रधानमन्त्रीमा चयन हुनुभएको थियो । उहाँले पहिलो पटक २०७९ पुस २६ गते विश्वासको मत लिनुभएको थियो। नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायतको समर्थनमा प्रधानमन्त्री बन्नुभएका दाहालले पहिलोपटक प्रतिनिधिसभामा रहेका अधिकांश दल र सांसदको विश्वासको मत प्राप्त गर्नुभएको थियो । संसद्मा उपस्थित दुई सय ७० सांसदमध्ये दुई सय ६८ जनाले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिनुभएको थियो। उहाँलाई सो समयमा नेपालको इतिहासमै सबैभन्दा बढी मत प्राप्त भएको थियो। त्यसबेला नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)लगायतका सबै दलले उहाँलाई विश्वासको मत दिएका थिए।

राष्ट्रपति निर्वाचनका क्रममा सत्ता गठबन्धन परिवर्तन भएसँगै प्रधानमन्त्री दाहालले दोस्रोपटक २०७९ चैत ६ गते पुनः प्रतिनिधिसभाबाट विश्वासको मत लिनुभएको थियो । एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उहाँले विश्वासको मत लिनुभएको थियो। सो समयमा उहाँले एक सय ७२ मत प्राप्त गर्नुभएको थियो । उहाँको विपक्षमा ८९ मत परेको थियो।

## गण्डकीमा ८५ पुल बने, ५३ निर्माणाधीन

**पोखरापत्र संवाददाता**
गण्डकी, ३० फागुन

गण्डकी प्रदेश सरकारको लगानीमा पछिल्लो छ वर्षमा ८५ पक्की पुल बनेका छन्। सडक पुल कार्यक्रमअन्तर्गत पुल निर्माण भइरहेको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलका अनुसार प्रदेशभर ५३ पुल निर्माणाधीन अवस्थामा छन्। थप २३ पुलको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयारीको प्रक्रियामा रहेको उहाँले जानकारी दिनुभयो। "प्रदेश सरकार स्थापना भएयता ८५ पुल बनिसके, सम्झौता भएकामध्ये केही पुल निर्माणको अन्तिम चरणमा छन्", प्रवक्ता पौडेलले भन्नुभयो, "सडक सँगसँगै पुल निर्माणलाई मन्त्रालयले प्राथमिकता दिएको छ।" सडकको पहुँच पुगे पनि समयमा पुल निर्माण नहुँदा वर्षायाममा ग्रामीण भेगको यातायात सेवा प्रभावित हुँदै आएको थियो। पुल निर्माणले गति लिन थालेपछि प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालनका लागि सहजता थपिँदै गएको प्रवक्ता पौडेलले बताउनुभयो । पुलको ठेक्का लिएर समयमा काम नगर्ने निर्माण कम्पनीलाई सचेत गराइएको उहाँको भनाइ छ । प्रदेशको पूर्वाधार विकास निर्देशनालयका निमित्त प्रमुख डा महेन्द्रबहादुर बानियाँले ३५ पुल बहुवर्षीय आयोजनामा समेटिएको जानकारी दिनुभयो । पुलका लागि चालु आवमा रु ३४ करोड १५ लाख विनियोजन गरिएको उहाँको भनाइ छ । "पैँतीस बहुवर्षीय योजनाका पुलका लागि रु एक अर्ब ९४ करोड ४७ हजारको स्रोत सुनिश्चित भएको छ", डा बानियाँले भन्नुभयो, "जिल्लास्थित पूर्वाधार कार्यालयमार्फत योजना कार्यान्वयन हुन्छ ।" उहाँका अनुसार बहुवर्षीय आयोजनाअन्तर्गत चालु आवमा कास्कीमा तीन, स्याङ्जा, तनहुँ, लमजुङ र बागलुङमा पाँच/पाँच, गोरखामा चार, नवलपुर, पर्वत, म्याग्दी र नवलपुरमा दुई/दुई र मनाङमा एक पुल निर्माण भइरहेको छ। यस वर्ष बहुवर्षीयमा गएकासहित कूल ५३ पुल निर्माणाधीन अवस्थामा रहेको निर्देशनालयले जनाएको छ । प्रदेशभित्र सडक, पक्की पुल र झोलुङ्गे पुल निर्माणको काम पूर्वाधार मन्त्रालयमार्फत हुँदै आएको छ । पछिल्लो छ वर्षयता प्रदेश सरकारको लगानीमा ६३ झोलुङ्गे पुल भएको मन्त्रालयले जनाएको छ । हाल १० झोलुङ्गे पुल निर्माणाधीन अवस्थामा रहेका र ५१ झोलुङ्गे पुल निमार्ण सुरु हुने चरणमा रहेको मन्त्रालयका प्रवक्ता पौडेलले जानकारी दिनुभयो। सडकतर्फ एक सय ६२ आयोजना बहुवर्षीय आयोजनाका रूपमा निर्माणाधीन अवस्थामा रहेको उहाँको भनाइ छ।

प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत ३३ सडक आयोजनाको कूल दुई सय ७९ दशमलव ७१ किमी सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता भई कार्यान्वयनमा गइसकेको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रमअन्तर्गत ११ सडक आयोजनाको कूल ८९ दशमलव ३७ किमी सडकको स्तरोन्नति भइरहेको प्रवक्ता पौडेलले जानकारी दिनुभयो।

'क' वर्गका १६ प्रादेशिक सडक आयोजनाहरूको एक सय २२ दशमलव ५५ किमी सडक स्तरोन्नति गर्ने कार्य अगाडि बढेको उहाँको भनाइ छ। गण्डकीमा गत आवसम्ममा छ सय ७४ दशमलव शून्य छ किमी पक्की र पाँच सय ६६ दशमलव ८५ कच्ची सडक बनेको मन्त्रालयले जनाएको छ।

## राष्ट्रपतिसमक्ष प्रदेश प्रमुखहरूद्वारा शपथ

**रासस**
काठमाडौं, ३० फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा १६७ बमोजिम नवनियुक्त प्रदेश प्रमुखहरूलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

राष्ट्रपति कार्यालयमा बुधबारअपराह्न आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले मधेस प्रदेशका प्रमुख सुमित्रा भण्डारी, गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्ट र सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो। राष्ट्रपति पौडेलले यही फागुन २८ गते मन्त्रिपरिषद्को निर्णय एवं सिफारिसमा नेपालको संविधानको धारा १६३ को उपधारा (२) अनुसार उहाँहरूलाई प्रदेश प्रमुखमा नियुक्त गर्नुभएको हो । शपथ ग्रहण समारोहमा उपराष्ट्रपतिरामसहायप्रसादयादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालको उपस्थिति थियो।

## अघिल्लो गठबन्धनमा समस्या आएपछि नयाँ गठबन्धन बनेको हो : अध्यक्ष ओली

**रासस**
काठमाडौं, ३० फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले अघिल्लो सत्ता गठबन्धनमा समस्या परेकाले आफूहरूले नयाँ गठबन्धन बनाएको बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को विश्वासको मतको प्रस्तावप्रति समर्थन गर्दै अध्यक्ष ओलीले नेपाली कांग्रेससँगको सहयात्रा असहज भएपछि प्रधानमन्त्री दाहालको चाहना र आफूहरूको सहयोगमा सरकार पुनःगठन भएको बताउनुभयो । सरकार पुनःगठन हुँदैमा अस्थिरता हुन्छ भनेर प्रचार गर्न आवश्यक नभएको जिकिर गर्दै उहाँले भन्नुभयो, "हाम्रो आवश्यकताका आधारमा सरकार परिवर्तन भएको हो। यो काम हामी नेपालका दलहरू मिलेर गरेका हौं। प्रधानमन्त्री दाहाल मुख्य हो र साथ दिने म पनि हुँ। हामीलाई जस दिए हुन्छ । यसमा विदेशी वा छिमेकी मुलुकलाई जोडेर हेर्न आवश्यक छैन ।" पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिलेको नयाँ परिस्थिति कसरी र किन बन्यो भन्ने विषयमा प्रधानमन्त्री दाहालले भनिसक्नुभएको छ । देशमा विभिन्न नाममा राष्ट्रिय एकतामा भाँजो हाल्ने र समाजमा विद्वेश फैलाउने तथा पश्चगमनमा लाने प्रवृत्तिहरू देखा परेका छन् । ती कुराहरूलाई छाडेर हामीले हाम्रो देशलाई केन्द्रमा राखेर न्याय र समनाताको प्राप्तिका लागि अग्रसर हुनुपर्छ । हाम्रो लक्ष्य यही हो ।" अध्यक्ष ओलीले राज्य यहाँका सबै भूगोल, जात र धर्मको साझा हो भन्ने मान्यताको रक्षा र संवर्द्धन हुनुपर्नेमा जोड दिँदै साम्प्रदायिकताको आगो झोसेर, अराजकता निम्त्याएर र प्रतिगमनको कुरा गरेर देश विकास हुन नसक्ने भएकाले संसद् यसप्रति सजग हुनुपर्ने बताउनुभयो।

प्रतिस्पर्धात्मक बहुदलीय प्रणाली आफूहरूले रोजेर ल्याएको प्रणाली भएकाले स्वस्थ प्रतिस्पर्धामा अगाडि-पछाडि हुँदा कोही अत्तालिन नपर्ने उल्लेख गर्दै प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई आवेश र उत्तेजनामा नआउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "नयाँ सत्ता गठबन्धनमा आलोपालो प्रधानमन्त्री हुनका लागि अलिखित सहमति भएको भन्ने गलत प्रचार गरिएको छ । हामी पदलोलुप छैनौँ। को कति सरकारमा बस्छ भन्ने ठूलो कुरा पनि होइन। सरकारमा भएका बेला देश र जनताका पक्षमा राम्रो काम गर्ने भन्ने हो। मलाई प्रधानमन्त्री हुने कुनै लालसा छैन । देशका समस्या समाधान गर्ने सवालमा सत्ता पक्ष र विपक्ष सँगै बसेर छलफल गरेर जाऔँ । बेथिति रोकौँ, आर्थिक उन्नतिमा मुलुकलाई लैजाऔँ ।"सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई टुङ्गोमा लान कसले रोकेको हो भन्ने प्रश्न गर्दै उहाँले आफ्नो दल यस विषयमा अन्तरराष्ट्रिय मान्यता, पीडितमैत्री र सर्वोच्च अदालतको फैसलाका आधारमा अघि बढ्न निरन्तर प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो।


## नेपाल पपुवा न्यूगिनीसँग पराजित

**रासस**
काठमाडौं, ३० फागुन

त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-ट्वान्टी शृङ्खलाअन्तर्गत बुधबार भएको फाइनल खेलमा नेपाल पपुवा न्यूगिनीसँग पराजित भएको छ।

हङकङको मोङकोकस्थित मिसन रोड क्रिकेट मैदानमा भएको खेलमा नेपाल पपुवा न्यूगिनीसँग ८६ रनले पराजित भएको हो। जितसँगै पपुवा न्यूगिनीले प्रतियोगिताको उपाधि उचाल्दा नेपाल भने दोस्रो स्थानमा रह्यो। त्यस्तै हङ्कङ तेस्रो भयो । नेपालले मंगलबार भएको खेलमा पपुवा न्यूगिनीलाई ८५ रनले हराउँदै प्रतियोगिताको फाइनलमा पुगेको थियो । त्यसअघि नेपाल र हङकङबीच भएको खेल वर्षाका कारण रद्द भएको थियो । हिजै भएको अर्को खेलमा पपुवा न्यूगिनीले हङकङलाई १० विकेटले हराउँदै प्रतियोगिताको फाइनलमा पुग्न सफल भएको थियो । बुधबारको खेलमा पपुवा न्यूगिनीले जितका लागि दिएको एक सय ७२ रनको लक्ष्य पछ्याएको नेपाल १६ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटियो । नेपालका लागि कुनै पनि ब्याट्सम्यानले उल्लेखनीय प्रदर्शन गर्न सकेनन्। सन्दिप जोराले सर्वाधिक १७ रनको योगदान दिए। उनले १३ बलमा तीन चौका प्रहार गर्दै १७ रन बनाएका हुन्। आरिफ शेखले १५ रन जोड्दा कप्तान रोहितकुमार पौडेलले १२ रन जोडे।

त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। गुल्सन झा र लोकेश बमले समान ६/६ रन जोडे भने कुशल भुर्तेलले ५ रन बनाए। त्यसैगरी विनोद भण्डारीले ४ रन जोड्दा करण केसी तीन रनमा आउट भए।

# जिसस कास्कीद्वारा बित्तीय सुशासनको नतिजा सार्बजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

जिल्ला समन्वय समिति कास्कीले जिल्लास्थित पालिकाहरूको आर्थिक बर्ष २०७९/८०को बित्तीय सुशासन जोखिम मुल्याङ्कनको नतिजा सार्बजनिक गरेको छ

सार्बजनिक नतिजा अनुसार बित्तीय सुशासनमा रुपा गाउँपालिकाले ६७ अंक प्राप्त गरेको छा त्यस्तै माछापुच्छ्रे गाउँपालिकाले ६४.५ , अन्नपूर्णले ६२, मादिले ६०.५ र पोखरा महानगरपालिकाले ६० अन्क प्राप्त गरेका छन् । मंगलबार विशेष सार्बजनिकिकरण कार्यक्रमको आयोजना गरि उक्त नतिजा सार्बजनिक गरिएको जि.स.स. कास्कीका प्रमुख लिलाधर पौडेलले जानकारी दिनुभयो ।



प्रमुख पौडेलले कास्कीका पालिकाहरू सबैले साठी प्रतिशत भन्दा माथिको नतिजा सहित बित्तिय जोखिमको मध्यम जोखिममा देखिएको उल्लेख्य गर्दै बित्तीय सुशासनमा अब्बल देखिने नतिजा अबको लक्ष्य बनाउन आग्रह गर्नुभयो ।

उहाँले सुशासन र समृद्धिको महत्त्वपूर्ण जग बित्तीय सुशासन भएको हुँदा हरेक पालिका चालू आर्थिक बर्षमा बेरुजुरहित हुन तर्फ ध्यान केन्द्रित गर्न राष्ट्रसेवक कर्मचारी र जन प्रतिनिधिहरू लाग्न आग्रह गर्नुभयो । सुशासन सबैको साझा दायित्व भएको भन्दै पौडेलले बार्षिक कार्ययोजना मुताबिक कार्य सम्पादन गर्न आग्रह गर्नुभयो । उक्त मुल्यांकनमा बित्तिय सुशासन जोखिम मुल्याङ्कन कार्यबिधि -२०७७ लाई आधार बनाइ योजना बजेट तथा कार्यक्रम ब्यबस्थापन, कार्यान्वयन क्षमता तथा ब्यबस्थापन, लेखान्कन तथा प्रतिबेदन, अनुगमन मुल्यांकन तथा लेखा परिक्षण र राजश्व ब्यबस्थापनका बिषय क्षेत्र तोकि कुल ११८ वटा सुचकमा आधारित भएर १०० पूर्णान्कमा मुल्यांकन गरिएको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो । शाखा अधिकृत झबिश्वर रेग्मिले काम गराइ र बुझाइमा एकरूपता नहुनु, नतिजाको प्रभाबकारी कार्यान्वयन र समिक्षा को अभाव, अभिलेख ब्यबस्थापन प्रभाबकारी हुन नसक्नु, जस्ता बिषय कठिनाईको रूपमा देखिएको उल्लेख गर्नुभयो ।कार्यक्रममा कास्कीका पालिका प्रमुख गण्डकी प्रदेश मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालयका सचिब यमुना प्रधान, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे, पोखरा महानगर पालिकाका प्रमुख प्रशासकिय अधिकृत श्यामकृष्ण थापा, कास्कीका पालिकाका प्रमुख प्रशासकिय अधिकृतहरू , जिल्ला समन्वयका सदस्यहरू सहित संचारकर्मी एवम् पत्रकार हरूको उपस्थिति रहेको थियो ।

जि.स.स.कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सदस्य सितादेबी बि.क. र संचालन जिल्ला समन्वय अधिकारी नवराज बराललले गर्नुभएको थियो ।

# बजेट अभावमा प्रदेश प्रहरी अस्पताल अलपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

पोखरा महानगरपालिका-७ मुस्ताङ्चोकमा चार वर्षदेखि निर्माणाधीन गण्डकी प्रदेश प्रहरी अस्पताल बजेट अभावमा अलपत्र परेको छ ।

सेवारत एवं भूपु प्रहरी र उनीहरूका परिवारको औषधि उपचार गर्ने उद्देश्यले विस २०७७ मा निर्माण सुरु गरिएको उक्त अस्पतालको भवन निर्माण आवश्यक बजेट बिनियोजन नहुँदा पूरा हुन नसकेको हो ।

उक्त अस्पतालको भवन निर्माणमा रु छ करोड लागतको अनुमान गरिए पनि पछिल्लो दुई आर्थिक वर्षयता गण्डकी प्रदेश सरकारले बजेट विनियोजन नगर्दा निर्माणले गति लिन नसकेको हो । गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तीर्थ भट्टराईले भने क्रमागत रूपमा निर्माणसम्पन्न गर्ने भनिएको अस्पताल भवन निर्माणका लागि चालु आवमा रु एक करोड छुट्याइएको जानकारी दिनुभयो । एघार रोपनी क्षेत्रफलमा फैलिएको उक्त अस्पतालले चार वर्षदेखि टिनको टहराबाट सेवा प्रवाह गर्दै आएको छ। अस्पताल निर्माणका लागि आज २०७७/७८मा प्रदेश सरकारले रु एक करोड बीस लाख छुट्याएको भए पनि त्यसपछि गत आवसम्म बजेट बिनियोजन गरिएको थिएन । नेपाल प्रहरीको आफ्नै जग्गामा जस्ता पाताले निर्माण गरिएको भवनमा अहिले दैनिक ४०-५० जनाले सेवा लिँदै आएका छन् ।

अस्पतालका कार्यालय प्रमुख तथा प्राविधिक प्रहरी नायव उपरीक्षक डा रामप्रसाद शर्माका अनुसार अस्थायी रूपमा सञ्चालनमा ल्याइएको अस्पताल भवनबाट ओपिडी, फार्मेसी, ल्याव, आपतकालीन, थेरापी, भिडियो एक्सरे, एक्सरे र सामान्य शल्यक्रियालगायतका सेवा प्रवाह हुँदै आएको छ ।

निर्माणधीन अस्पताललाई क्रमागत भन्दा पनि बहुवर्षीय रूपमा निर्माण गर्ने गरी योजना बनाएको भए बजेट प्राप्त गर्न सजिलो हुने उहाँको भनाइ छ । पन्ध्र शय्याको उक्त अस्पतालमा प्राविधिकसहित ३३ जना कर्मचारी कार्यरत छन् । अस्पतालल भवनले पूर्णता पाएपछि ५० शय्यामा स्तरोन्नति हुनेछ । प्रहरी सङ्गठन कास्कीका पूर्वसचिव सिद्धि रेग्मीले निर्माणाधीन अस्पताल जतिसक्दो चाँडो निर्माणसम्पन्न गर्न सङ्गठनले पनि दबाब दिइरहेको बताउनुभयो । अस्पताल निर्माणपछि प्रहरी र उनीहरूका परिवारसँगै सर्वसाधारणले पनि सेवा लिनसक्ने उहाँको भनाइ छ ।

# फुटबल संघले परिषद्मा पायो आधिकारिक मान्यता

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

गण्डकी प्रदेशमा फुटबल संघले प्रदेश खेलकुद परिषदमा आधिकारिक मान्यता पाएको छ ।

प्रदेश खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियमावली २०७८ अनुसार प्रदेश खेलकुद परिषद गण्डकीमा दर्ता भए पछि संघले मान्यता पाएको हो । गत जेठमा गोरखामा सम्पन्न भेलाले दिपेन्द्र श्रेष्ठको अध्यक्षतामा गठित कार्यसमिति गठन गरिएको भए पनि ९ महिना ढिलो परिषदमा दर्ता भएको हो । प्रदेश खेलकुद परिषद गण्डकीमा दर्ता गरिएको कार्यसमिति १३ सदस्यिय छ भने रिक्त एक कार्यसमिति सदस्यमा परिषदले मनोनयन गर्नेछ । संघको उपाध्यक्षद्वयमा तारा बहादुर गुरुङ र जयराज भण्डारी, महासचिवमा विनोद गुरुङ, कोषाध्यक्षमा डिलकुमारी घिमिरे, सहमहासचिवमा सुमन गुरुङ र सदस्यहरुमा सन्दिप पन्थी, निपेन्द्र श्रेष्ठ, कुशुमराज बराल, भिजन श्रेष्ठ, थम बहादुर गुरुङ, अमृत भण्डारी र विष्णुप्रसाद न्यौपाने रहेका छन् ।

ढिलो गरी प्रदेश फुटबल संघ परिषदमा दर्ता भए पछि सदस्य सचिब शर्माले खुसी व्यक्त गरेका छन् । उनले भने-“राष्ट्रिय खेलकुद ऐनले व्यवस्था अनुसार कुनै पनि केन्द्रिय खेलकुद संघले आधिकारिकता पाउन चार वटा प्रदेशमा अनिवार्य दर्ता हुनपर्ने प्रावधान छ । सात प्रदेश मध्ये गण्डकी प्रदेश फुटबल संघ गण्डकीमा दर्ता हुने पहिलो फुटबल संघ समेत् हो ।” कुनै पनि खेल संघले राष्ट्रिय मान्यता पाउन अनिवार्य प्रदेश खेलकुदमा दर्ता हुनुपर्ने ऐनमा स्पष्ट ब्यख्या समेत ऐनले गरेकोले फुटबलको संस्थागत विकास, दिगोपनका लागि गण्डकी फुटबल संघले पहिलो पाइला चालेको सदस्य सचिब शर्माले बताए । “हामी खुसी छौं । परिषदमा फुटबल संघ दर्ता भएको छ । यसले प्रदेशको फुटबलको विकासमा परिषद संग हातेमालो गर्दै अघि बढ्नेछ”, उनले भने । यहि फागुन २१ गते बसेको परिषदको कार्यकारी समितिको बैठक तथा ११ वटै जिल्लाका अध्यक्ष र जिल्लाका कार्यालय प्रमुखहरुको समिक्षा गोष्ठिबाट जिल्ला खेलकुद विकास समिति अन्तर्गत जिल्ला खेल संघ र र परिषद अन्तर्गत प्रदेशमा गठन भएका खेल संघहरुलाई चैत्र महिना भित्र अनिवार्य दर्ता, नविकरण र साधारणसभा गर्ने आह्वान गरेको छ । बैठकले दर्ता र नविकरण नगरेमा खेल संघहरुको लेटर प्याड र छाप प्रयोग गर्न नदिने भएको छ । यदि कुनै खेल संघले दर्ता, नविकरण र साधारणसभा बिना लेटरप्याड र छाप प्रयोग गरेमा कानुनी कार्वाही गर्ने सदस्य सचिव शर्माले जनाए । “परिषदले खेलकुदमा संस्थागत दिगोपना र शुसासनलाई अभियानको रुपमा स्थापित गर्न खेल संघहरुलाई दर्ता, नविकरण र साधारणसभा गर्ने कार्यलाई अघि बढाएको छौं”, उनले भने-“एन्फा गण्डकी पनि सोही अभियान अन्तर्गत दर्ता भएको हो । प्रदेश खेलकुद परिषदले प्रदेशस्तरिय खेल संघहरु, जिल्ला खेल संघहरु, स्थानिय क्लव र संघसंस्थाहरुलाई नविकरण र दर्ता गर्ने संगै एकिकृत रुपमा वार्षिक कार्ययोजना क्यालेण्डर बनाएर अघि बढ्न समेत आह्वान गरेको छौं ।”

यो अभियानले प्रदेशमा एकिकृत रुपमा खेलकुद विकासको मुलधारमा ल्याउन सहयोग पुग्ने संगै प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति, खेलसंघहरुमा सुशासन, पारदर्शिता सार्वजनिक जवाफदेहिता संस्थागत विकासमा टेवा पुग्नुका साथ-साथै खेलकुद संघ संस्थातर्फ आममानसमा विश्वास पैदा भइ खेल संस्कृती र खेल संस्कार, खेलकुदले विकासले गति लिने सदस्य सचिव शर्माको भनाई छ ।

# गण्डकी प्रदेशमा कुस्ती संघ गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

गण्डकी प्रदेशमा कुस्ती संघ गठन भएको छ ।

गण्डकी प्रदेशमा कुस्ती खेलको विकास एवं प्रवर्द्धन गर्न पोखरामा बुधबार सम्पन्न भेलाले उत्तर कुमार श्रेष्ठको अध्यक्षतमा सात सदस्यिय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।



त्यसै गरी संघको उपाध्यक्षमा योगिता शाहनी, सचिवमा दिपक प्रसाद पौडेल, कोषाध्यक्षमा डिल्लिराम सुबेदी रहेका छन भने कार्यसमिति सदस्यमा दिपक बस्ताकोटी, खड्ग श्रेष्ठ र नम्रता गुरुङ रहेका छन् ।

सो अवसरमा नवगिठत कार्यसमितिलाई बधाई दिंदै गण्डकी प्रदेशका पूर्व सांसद दिपक कोइरालाले नवगठित कार्यसमितिलाई अवसर र चुनौती दुबै रहेको जनाउँदै खेलकुद विकासका लागि सबैको सहयोग र सहकार्य आवश्यक रहेको औल्याएका । प्रदेश खेलकुद परिषदका सदस्य केशव पाठकले गण्डकी प्रदेशमा कुस्ती संघ गठन हुनुले प्रदेशको कुस्ती खेल विकासले गति लिने जनाउँदै आगामी दशौं राष्ट्रिय खेलकुदको तयारीमा जुट्न आग्रह गरे ।

नेपाल कुस्ती संघका केन्द्रिय सदस्य नविन आचार्यको अध्यक्षतामा भएको भेलामा बडी विल्डिङ संघका केन्द्रिय कोषाध्यक्ष बलराम सुवेदीको समेत सहभागिता रहेको थियो ।

# कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेस एन्ड डेन्टल हस्पिटलको स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेस एन्ड डेन्टल हस्पिटलले मनोवैज्ञानिक आघातमा परेका बालबालिकाको लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

बिएम फाउन्डेसनको सहयोगमा मंगलबार कोपिला नेपालको व्यवस्थापनमा भएको शिविरमा १०० जनाको स्वास्थ्य जाँच गरिएको इन्स्टिच्युटकी पब्लिक हेल्थ कोअर्डिनेटर तथा शिविर संयोजक शर्मिला शर्माले जानकारी दिनुभयो । उहाँले बताउनु भयो शिविरमा ४० जनामा फ्लोराइड एप्लिकेसन र सहभागीलाई जनचेतना तथा मुख दन्त स्वास्थ्य सचेतना सञ्चालन गरिएको थियो ।




शिविरमा डा. अनुजा काफ्लेको नेतृत्वमा रहेको स्वास्थ्यकर्मी टिमले सेवा दिएको थियो । सो अवसरमा शिविरमा बालबालिकाका लागि निशुल्क डेन्टल चेकअप, फ्लाराइड एप्लिकेसन, दाँत उक्काउने, दाँत भर्ने र सफा गर्ने सेवा दिनुका साथै ठूला दाँतका बिरामीका लागि भने डेन्टलमा नै रिफर गरिने शर्माले बताउनुभयो ।


यसअघि पोखराको जनप्रिय मावि, राम निमावि र पुष्प सदन एकेडेमीमा शिविर सञ्चालन गरिएको थियो । इन्स्टिच्युटबाट गत आव तथा चालु आवमा गरी ६७ शिविरबाट १ हजार ५ सय हाराहारीमा विद्यार्थी तथा अभिभावकले स्वास्थ्य लाभ लिएका थिए । संयोजक शर्माका अनुसार यस पटक ५० वटा शिविर सञ्चालन गर्ने लक्ष्यअनुसार काम भइरहेको बताउनुभयो । शिविरबाट रिफर भएर आएकाहरुलाई इन्स्टिच्युटले १० देखि १५ प्रतिशत छुट दिने जनाएको छ ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– बी. पी. कोइराला

## सम्पादकीय

# प्रधानमन्त्री दाहालले पाए विश्वासको मत

प्रधानमन्त्री पुष्पकमल दाहालले १५ महिनामा तेस्रोपटक प्रतिनिधि सभाबाट विश्वासको मत लिएका छन् । एमाले, माओवादी, रास्वपा, जसपा, एकीकृत समाजवादीको पाँच दलीय गठबन्धनको बलमा उनले विश्वासको मत प्राप्त गरेका हुन् । सत्ता गठबन्धनमा भएको फेरबदलका कारण प्रधानमन्त्रीलाई विश्वासको मत लिनुपरेको हो । प्रतिनिधिसभाको बुधबार उपस्थित २६८ सांसद मध्ये १५७ जनाले प्रधानमन्त्री दाहालको पक्षमा मत दिए ।११० जनाले विपक्षमा मत दिए । मत दिन्नँ भन्ने एक जना थिए ।

कांग्रेस, जनमत, लोसपा, राष्ट्रिय जनमोर्चा प्रधानमन्त्री दाहालको विपक्षमा उभिए । प्रधानमन्त्री दाहालले विश्वासको मत लिने क्रममा सम्बोधन गर्दै विश्वासको मत दिएपछि पूर्ण रुपमा विश्वास गर्न आग्रह गरेका थिए । २०७९ मंसिरको प्रतिनिधिसभा निर्वाचनपछि दाहाल नेतृत्वमा २०७९ पुस १० मा सरकार गठन भएको थियो । एमाले, रास्वपा, राप्रपा, जसपालगायत दलहरू संलग्न सरकारको नेतृत्व गर्दै दाहालले पहिलोपटक प्रतिनिधिसभाबाट २०७९ पुस २६ मा विश्वासको मत लिएका थिए ।

त्यतिबेला प्रतिपक्षको बेन्चमा बसेको कांग्रेसलेसमेत दाहाललाई विश्वासको मत दिएको थियो । विश्वासको मतको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधिसभा बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ सांसदले दाहालको पक्षमा मतदान गरेका थिए । उनको विपक्षमा राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवालले मात्रै विपक्षमा मत राखेका थिए । राष्ट्रपति निर्वाचनसँगै दाहालले २०७९ फागुन दोस्रो साता एमालेसँगको गठबन्धन तोडेर कांग्रेससँग सत्तायात्रा सुरु गरेका थिए । परिणामस्वरुप कांग्रेसबाट राष्ट्रपति उम्मेदवार बनेका रामचन्द्र पौडेलको शीतल निवास यात्रा सुरु भएको थियो ।

एमालेसँगको गठबन्धन तोडिएपछि दाहालले दोस्रोपटक २०७९ चैत ६ मा प्रतिनिधिसभाबाट विश्वासको मत लिएका थिए । दोस्रो पटक विश्वासको मत लिँदा दाहालको पक्षमा कांग्रेस, माओवादी केन्द्र, जसपा, एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र सांसदहरु प्रभु साह, अमरेशकुमार सिंहलगायत उभिएका थिए । दोस्रो पटक विश्वासको मत लिँदा प्रधानमन्त्री दाहालको पक्षमा सदनमा उपस्थित २६२ सांसदमध्ये १७२ सांसदले पक्षमा भोट हालेका थिए । दाहालको विपक्षमा ८९ सांसदले राखे भने नेमकिपा 'मत दिन्न' भन्ने पक्षमा उभिएको थियो ।

गत फागुन २१ गते कांग्रेससँगको गठबन्धन भत्केपछि प्रधानमन्त्रीले फेरि विश्वासको मत लिएका हुन् । कांग्रेसले समर्थन फिर्ता लिएपछि संवैधानिक प्रावधान अनुसार दाहालले विश्वासको मत लिएका हुन् । संविधानको धारा १००(२) मा समर्थन गर्ने दलले समर्थन फिर्ता लिए ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान छ । विश्वासको मत पाएपछि सरकारले आफ्नो न्युनतम साझा कार्यक्रम ल्याउन बाटो खुलेको छ । कार्यक्रमको आधारमा अन्य साना दललाई पनि सरकारको पक्षमा ल्याउन सहज हुनेछ । सरकारलाई दिएको समर्थन फिर्ता लिएको काङ्ग्रेसले एमालेसँग मिल्न सक्छौं भनेर प्रधानमन्त्री दाहाललाई धम्की दिनु अंगुर अमिलो छ भनेर चित्त बुझाउनु हो ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | शुभ यात्रा | तुला | मानसिक तनाव |
| वृष | स्वास्थ्यमा सुधार | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | सहयोग मिल्नेछ | धनु | ब्यापारमा लाभ |
| कर्कट | अप्रत्यसित लाभ | मकर | शत्रुको भय |
| सिंह | सत्कार मिल्नेछ | कुम्भ | झमेला बढ्ने |
| कन्या | आर्थिक समस्या | मीन | कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सामुदायिक विद्यालयमा भर्ना हुने छात्राको खातामा एक हजार

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० फागुन

आँबुखैरेनी गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने छात्राको बैङ्क खाता खोलिदिने भएको छ । आगामी शैक्षिक सत्रदेखि सामुदायिक विद्यालयमा भर्ना हुने सबै छात्राका नाममा गाउँपालिकाले न्यूनतम रु एक हजार मौज्दात भएको बैङ्क खाता खोल्न लागेको हो ।

सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण गर्दै गुणस्तर शिक्षाका लागि गाउँपालिकाले यस किसिमको अभियान अघि बढाएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । गाउँपालिकाले सामुदायिक विद्यालयमा छात्राको आकर्षण बढाउनका लागि छात्रा बचत खाता सञ्चालन कार्यक्रम ल्याउन लागिएको गाउँपालिका अध्यक्ष चुमानले जानकारी दिनुभयो । "शैक्षिक सत्र २०८१ बाट गाउँपालिकाले यो कार्यक्रम लागू गरिनेछ", उहाँले भन्नुभयो, "विशेष गरेर छात्राहरूको वर्तमान र भविष्यका लागि सहयोग पुऱ्याउने लक्ष्यअनुरुप यस किसिमको योजना ल्याइएको हो ।" उक्त कार्यक्रमले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नाका साथै छात्रामा सानैदेखि बचत गर्ने बानीको समेत विकास हुने विश्वास लिइएको उहाँले बताउनुभयो । विद्यालयमा सञ्चालित शिक्षासँग उत्पादन कार्यक्रमबाट विद्यार्थीले गरेको आम्दानीलाई बचतमा जोड्ने लक्ष्य राखिएको छ ।

कार्यक्रमका लागि सुरुआती चरणमा करिब रु २५ लाख बजेट लाग्ने अनुमान गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकामा ३५ सामुदायिक विद्यालय छन् । उक्त विद्यालयमा करिब दुई हजार बढी छात्रा अध्ययन छन् । यसैगरी, गाउँपालिकाभित्र कार्यरत सम्पूर्ण शिक्षक र विद्यालय कर्मचारीका आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा अनिवार्य पढाउने निर्णय गरेको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापकको हालै बसेको बैठकले सामुदायिक विद्यालयको शिक्षा सुधारको अभियानमा साथ दिन सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्नुपर्ने निर्णय गरिएको हो । गाउँपालिकाका अनुसार आगामी शैक्षिक सत्रदेखि आफ्ना सन्तानलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा अध्ययन गराउनुपर्ने निर्णय गरेको छ ।

सामुदायिक विद्यालयको शैक्षिक सुधारअन्तर्गत गाउँपालिकाका सबै जनप्रतिनिधिका छोराछोरी अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गरिएकामा यस वर्ष सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीलाई अनिवार्य भर्ना गर्नुपर्ने निर्णय गरिएको हो । सामुदायिक विद्यालयमा लगानी गरे अनुरूपको प्रतिफल प्राप्त नभएकाले सुधारका लागि दबाव दिने उद्देश्यअनुरुप सामुदायिक विद्यालयमा पढाउनुपर्ने निर्णय गरिएको अध्यक्ष चुमानले बताउनुभयो । शैक्षिक गुणस्तर वृद्धि गर्न र सामुदायिक विद्यालयप्रतिको जनविश्वास जगाउनका यस निर्णयले थप सहयोग पुग्ने विश्वास गरिएको उहाँले जानकारी दिनुभयो । गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि जनप्रतिनिधि, कर्मचारी, शिक्षकलगायत छोराछोरी सामुदायिक विद्यालयमै पढाउनुपर्ने, विद्यालयमा गाडीको व्यवस्था, सामुदायिक विद्यालयमा छोराछोरी पढाउने अभिभावकको स्वास्थ्य बीमा, कर छुटका काम गर्दै आएको छ ।

# मुस्ताङी स्वादिलो स्याउ पर्वतको शीत भण्डारमा

**पोखरापत्र संवाददाता**
पर्वत, ३० फागुन

यहाँको एक शीत भण्डार (कोल्ड स्टोर)मा हिमालपारिको जिल्ला मुस्ताङमा उत्पादित स्याउ अहिलेसम्म पनि भण्डारण गरिएको छ ।

कुश्मा नगरपालिका-९ कटुवाचौपारीका रामबहादुर पौडेल क्षेत्रीले सञ्चालन गरेको माछापुच्छ्रे कागती फार्मको शीत भण्डारमा मुस्ताङी स्वादिलो स्याउ भण्डारण गरिएको हो । बेमौसममा बजारमा बिक्रीका लागि पठाउने उद्देश्यले गत असोजमा मुस्ताङबाट स्याउ खरिद गरेर ल्याइएको थियो । पाँच महिनासम्म शीत भण्डारमा राखिएको भए पनि स्याउ ताजै अवस्थामा रहेका छन् । भण्डारण गरिएका स्याउ बजारमा पठाउने तयारी भइरहेको छ । क्षेत्रीका अनुसार लागतअनुसार मुस्ताङको स्याउको मूल्य अहिले रु चार सयभन्दा बढी प्रतिकिलो पर्न जान्छ । व्यवसायीले भने उक्त मूल्यमा खरिद गर्न आनाकानी गर्ने गरेको क्षेत्रीले बताउनुभयो । उहाँले रु एक सय ८० प्रतिकिलो खरिद गरेर ल्याउनुभएको थियो । उहाँको शीत भण्डारमा अहिले एक हजार पाँच सय किलो स्याउ भण्डारण भएको क्षेत्रीले बताउनुभयो । बेमौसममा बजारमा पठाउँदा उच्च प्रतिफल पनि पाइने र मुस्ताङको स्याउका लागि बजार अभाव पनि नहुने सोचेर भण्डारण गरेको भए पनि अहिले बजार नपाएको उहाँको गुनासो छ । आयातित स्याउभन्दा महङ्गो मूल्य पर्ने भएकाले फलफूल व्यवसायीले आफ्नो स्याउ खरिद गरेर बिक्री गर्न आनाकानी गर्ने गरेको क्षेत्रीको गुनासो रहेको छ । उपभोक्ताले पनि गुणस्तरीय फलफूलभन्दा सस्तो र आयातित नै रोज्ने गरेका कारण स्याउ बिक्री गर्न समस्या भएको क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "सदरमुकाम कुश्मा र पोखराका व्यवसायीसँग स्याउ बिक्रीका लागि सम्पर्क गरेको भए पनि उनीहरूले आनाकानी गर्ने गरेका छन् ।" व्यावसायिक कागतीखेती गर्दै आउनुभएका क्षेत्रीले गत वर्ष गण्डकी प्रदेश सरकारको अनुदानमा शीत भण्डारण निर्माण गर्नुभएको थियो । कागतीको मौसम नभएका बेला स्याउ खरिद गरेर भण्डारण गरे पनि अहिले बिक्री गर्न समस्या भएको उहाँको गुनासो छ । उहाँले विगत १० वर्षदेखि २० रोपनी क्षेत्रफलमा व्यावसायिक कागतीखेती गर्दै आउनुभएको छ । उहाँको बगानमा अहिले झन्डै एक हजार कागतीका बिरुवा रहेका छन् । कागती उत्पादनमा अब्बल कृषक बनेको भन्दै प्रदेश सरकारले ६० प्रतिशत अनुदानमा उहाँलाई शीत भण्डार उपलब्ध गराएको थियो । उहाँको फार्म कागतीको बेर्ना उत्पादनको स्रोत केन्द्रका रूपमा समेत कृषि ज्ञान केन्द्रले मान्यता दिएको छ । यस वर्ष १४ हजार बेर्ना उत्पादन भइरहेको क्षेत्रीले बताउनुभयो ।

क्षेत्रीले कागतीसँगै जिल्लामै पहिलोपटक व्यावसायिक कुरिलोखेतीसमेत गर्दै आउनुभएको छ । कागती, कागतीका बेर्ना, कुरिलो र माहुरीपालन समेत गर्दै आउनुभएका क्षेत्रीले वार्षिक खर्च कटाएर रु १० लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । लामो समयसम्म राजधानीमा व्यापार व्यवसाय गर्दै आउनुभएका क्षेत्रीले गाउँमा बाँझो रहेको जमिन सदुपयोग गर्ने र बेरोजगार युवायुवतीलाई स्वरोजगार सृजना होस् भन्ने उद्देश्यले गाउँ फर्किएर कागतीखेती सुरु गरेको उहाँको भनाइ छ ।

# जब शिक्षक पात र सिन्का बोकेर कक्षाकोठा पस्नुभयो !

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० फागुन

सधैँजसो कक्षा आरम्भ हुँदा हातमा हाजिर कपी र पठनपाठनका सामग्री बोकेर कक्षाकोठा प्रवेश गर्ने शिक्षिका सुशीला श्रेष्ठ सोमबार सालका पात र बाँसका सिन्का बोकेर पस्नुभयो ।

न्यू एभरेष्ट एकेडेमीको नर्सरी कक्षाकी कक्षा शिक्षक श्रेष्ठ सोमबार कक्षा ७ मा प्रवेश गर्नुभयो । उहाँसँगै अन्य शिक्षिका पनि साथमै हुनुहुन्थ्यो । सधैँजसो दिनभर कपी र किताब बेञ्चमा फिँजाएर कलम समाउने गरेका विद्यार्थी पनि सोमबार फरक भूमिकामा देखिए । सबै विद्यार्थी कक्षा कोठाको भूइँमा बसे । उनीहरूका अघि सालका पात र बाँसका सिन्का थिए । बागलुङ नगरपालिका-१ रामरेखामा रहेको न्यू एभरेष्ट एकेडेमीले उनीहरूलाई व्यावहारिक सीप सिकाउने प्रयास गर्दै थियो । विद्यालयले विद्यार्थीलाई दुनाटपरी निर्माण गर्न सिकाएको हो । सरकारले सार्वजनिक बिदा दिए पनि विद्यार्थीलाई जीवनोपयोगी सीप तथा व्यावहारिक शिक्षा दिन ग्याप्लो ल्होसारको अवसरमा दुनाटपरी गाँस्न सिकाइएको विद्यालयका प्रधानाध्यापक कृष्ण अधिकारीले बताउनुभयो । शिक्षिकाहरूको बीचमा बसेर पात गाँस्दै गरेकी कक्षा १० मा अध्ययनरत पूजा सापकोटा र कक्षा ९ कि रोशनी जिसीले पूजाआजा र अनुष्ठानमा चाहिने दुनाटपरी गाँस्न सक्ने भएको बताउनुभयो ।

विद्यार्थीलाई आवश्यक पर्ने ज्ञान, सीप र सांस्कृतिक पहिचान झल्किने कार्यक्रमले उनीहरूलाई सामाजिक बन्न प्रेरित गराउनुका साथै सकारात्मक सोचको विकास गराउने शिक्षिकाको ठम्याइ छ । संस्कृति, परम्पराको जर्गेना गर्दै सीप सिकाउने उद्देश्यले विद्यालय उमेरका बालबालिकालाई मौलिक कार्यक्रमको आयोजना गरिएको शिक्षिका जुना हमालले बताउनुभयो । "विद्यालयले पात र सिन्का उपलब्ध गराएको छ । अनुभवी शिक्षिकाले सहजीकरण गर्नुभएको छ । विद्यार्थीहरू सिक्न निकै उत्साहित छन्", प्रधानाध्यापक अधिकारीले भन्नुभयो, "हरेक घरमा हुने पूजाआजालगायत धार्मिक काममा दुनाटपरीको खाँचो पर्दछ । अहिलेका नयाँ पुस्तालाई यस्ता ज्ञान सिकाउन सके हाम्रा मौलिक संस्कार र संस्कृति हराउँदै जाने खतरा हुँदैन ।" व्यावहारिक सीप विकासका लागि पहिलो चरणमा दुनाटपरी बनाउन सिकाएको भन्दै हरेक दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइने उहाँले बताउनुभयो । कपासका बत्ती कात्न, चोया काढ्न, बाँसबाट तयार हुने सामग्री निर्माण गर्न सिकाउने र क्रमशः प्रयोगिताका रुपमा सञ्चालन गरी विद्यार्थीलाई आत्मनिर्भर बनाउने लक्ष्य रहेको अधिकारीले जानकारी दिनुभयो ।

# ललितकलामा युवाको बढ्दो आकर्षण

**रासस**
पोखरा, ३० फागुन

"मैले अक्षरभन्दा पहिले चित्र बनाउन सिकेको हुँ", लमजुङका झवीन्द्र गुरुङ विगत सम्झन्छन् । उहाँले पढाइसँगै चित्रकलालाई अगाडि बढाउनुभयो । अहिले उहाँको जीवन धान्ने पेसा ललितकला बनेको छ ।

ललितकलाले उहाँको खर्च चलेको छ । "सानैबाट चित्रकलामा रुचि थियो, विसं २०५८ मा एसएलसी दिएपछि फाइनआर्ट पढ्न पोखरा भर्ने, पोखरामा ललितकला पढ्ने ठाउँ भेटिन", झवीन्द्रले भन्नुभयो, "कक्षा ११ र १२ मा व्यवस्थापन सङ्काय पढेँ, त्यसपछि ललितकलाका गुरु आलोक गुरुङसँग भेट भयो, उहाँसँग नै चित्रकलाको ज्ञान लिएँ ।" चित्रकार आलोक गुरुङसँगको भेटपछि आफ्नो सीपमा झनै निखारपन आएको झवीन्द्रले सम्झनुभयो । झवीन्द्र अहिले ललितकलामै व्यस्त हुनुहुन्छ । पानीट्याङ्क हुँदै सुरु भएको उहाँको ललितकला अहिले 'एक्रेलिक' चित्रमा पुगेको छ । मागअनुसार उहाँले जस्तो खालको पनि चित्र कोर्नुहुन्छ । "अहिले मेरो दैनिकी नै 'आर्ट' बनेको छ, यसैबाट मेरो जीवन धानिएको छ", उहाँले भन्नुभयो, "मागअनुसार चित्र बनाउँछु अनि बेच्छु, अहिलेसम्म कति बेचियो भन्ने यकिन तथ्याङ्क नै छैन, मैले एउटा चित्र रु एक लाखसम्ममा बेचेको छु ।" पोखरालाई कार्यक्षेत्र बनाउनुभएका झवीन्द्र पछिल्लो समय ललितकलामा युवाको आकर्षण बढेको बताउनुहुन्छ । "कुनै समय कला क्षेत्रमा लाग्नेहरूले निकै सङ्घर्ष गर्नुपर्थ्यो, अहिले स्कुलमा पनि यसको पढाइ हुन्छ", उहाँले भन्नुभयो, "आजभोलि जुनसुकै ठाउँमा चित्र बनाउन पाउँछन्, अर्कोतर्फ विद्यालयमा शिक्षण पेसा गर्न पाउने अवसर पनि छ, यसकारण यो क्षेत्रमा युवाको आकर्षण निकै बढेको पाएको छु ।" पोखराका अर्का चित्रकार निशान थापा पनि चित्रकलाले घरखर्च चलेको बताउनुहुन्छ । उहाँ पोखराका विद्यालयमा चित्रकला पढाउनुहुन्छ । पोखरामा चित्रकला पढाउने शिक्षक २५ जना हाराहारीमा रहेको उहाँले बताउनुभयो । "अहिले पोखराका अधिकांश विद्यालयमा चित्रकला पढाइ हुन्छ, त्यहाँ चित्रकला पढाउने शिक्षक अधिकांश युवा नै हुनुहुन्छ," चित्रकार निशानले भन्नुभयो, "चित्रकला पढाउनका लागि 'पार्टटाइम' शिक्षक राख्ने चलन छ, यसले गर्दा पोखराम २५ जना जतिले रोजगारी पाएका छौं ।" अवसरका कारण ललितकला क्षेत्रमा युवाको आकर्षण बढे पनि टिक्न समस्या रहेको चित्रकार निशान सुनाउनुहुन्छ । "सिक्न चाहने युवा धेरै नै छन् तर यही क्षेत्रमा टिकाइरहन समस्या छ", उहाँले भन्नुभयो, "उनीहरूलाई यो क्षेत्रमा टिकाउन सरकारले बेलाबेलामा ललितकला प्रदर्शनी गरिदिनुपर्छ अनि प्रोत्साहनका लागि कार्यक्रम ल्याउनुपर्छ ।" युवा अवस्थाका झवीन्द्र र निशान जस्तै पोखराका धेरै युवा ललितकलालाई पेसा बनाएर लाग्नुभएको छ । उहाँहरूले यही पेसाबाट आफ्नो दैनिकी चलाइरहनुभएको छ ।

वरिष्ठ 'कार्टुनिस्ट' दुर्गा बराल 'वात्स्यायन' आफ्नो पालामा भन्दा अहिले कलाकार बढिरहेको बताउनुहुन्छ । पोखरामा ललितकला क्षेत्रमा युवाको आकर्षण बढेको देख्दा खुसी लागेको उहाँले सुनाउनुभयो । "पहिले हामीले कलाकारको एउटा संस्था गठन गर्ने भनेर पोखराभरि कलाकार खोज्दा १० जना पनि पुऱ्याउन मुस्किल भएको थियो", वात्स्यायनले विगत सम्झनुभयो, "कमसेकम ११ जनाको संस्था बनाउने भनेको आखिरमा सातजना जम्मा भएर संस्था गठन गरेका थियौँ ।" अहिले त्यस्तो अवस्था नरहेको वात्स्यायनले बताउनुभयो । उहाँका अनुसार पोखरामा स्थापना भएको सृजनशील कलाकार समूहमा ६० जनाभन्दा बढी सदस्य रहेका छन् । यसबाहेक पोखरामा नयाँ पुराना अनि विद्यार्थी कलाकार सबै गन्दा पाँच सयको हाराहारीमा पुग्ने उहाँले सुनाउनुभयो । ललितकला क्षेत्रमा युवाको आकर्षण बढिरहेको अवस्थामा सरकारी र निजी क्षेत्रबाट ललितकलाको गतिविधि बढाउनुपर्ने वात्स्यायनले सुझाव दिनुभयो । "आर्ट ग्यालरी स्थापना गरिदिने अनि कलाकृति बिक्री कक्ष स्थापना गरिदिने, म्युजियम राखिदिने हो भने अझै राम्रो हुन्छ", उहाँले भन्नुभयो, "यी क्षेत्रहरूमा सरकारले लगानी गरिदिने हो भने ललितकलामा गतिविधि बढ्नाका साथै यो क्षेत्रमा आकर्षण झनै बढ्छ ।" ललितकला क्षेत्रमा युवाको आकर्षण बढ्दो रहेकाले गण्डकी प्रदेशमा गण्डकी प्रज्ञा-प्रतिष्ठान स्थापना भएदेखि नै कला क्षेत्रलाई विशेष महत्व दिइरहेको गण्डकी प्रज्ञा-पतिष्ठानका कुलपति सूर्य खड्काले बताउनुभयो । देशलाई चिनाउने सहज माध्यम कलाकारिताका भएकाले वरिष्ठदेखि भर्खर यो क्षेत्रमा लागेकाहरूको प्रोत्साहनका लागि पुरस्कार अर्पण गर्दै आएको कुलपति खड्काले बताउनुभयो । प्रतिष्ठानले ललितकला प्रदर्शनीका साथै आर्ट कला कार्यशाला पनि गरिरहेको उहाँले बताउनुभयो । "हामीले ललितकला प्रदर्शनी र कार्यशालासँगै आर्ट ग्यालरी बनाउनका लागि पनि सहयोग गरेका छौं", कुलपति खड्काले भन्नुभयो, "आगामी दिनमा भइरहेको कामलाई निरन्तरता दिँदै आगामी वर्ष मार्च ११ मा अरनिको जन्मदिनमा विभिन्न कार्यक्रम गर्ने योजना छ ।"

# जिल्लामै आँखाको शल्यक्रिया भएपछि ज्येष्ठ नागरिक हर्षित

**पोखरापत्र संवाददाता**
पर्वत, ३० फागुन

जिल्लाबाटै आँखाको शल्यक्रिया सेवा पाएपछि पर्वतका ज्येष्ठ नागरिक हर्षित भएका छन् । पर्वतमा सक्रिय लायन्स क्लबको संयुक्त आयोजनामा पहिलोपटक सदरमुकाम कुश्मा बजारस्थित जिल्ला अस्पतालमा मोतीबिन्दुको शल्यक्रिया शिविर सञ्चालन भएको हो । फागुन २६ गतेदेखि सुरु भएको आँखा जाँच तथा मोतीबिन्दुको शल्यक्रिया सेवा आज सकिएको छ । फागुन २६, २७ र २८ गते जिल्लाका विभिन्न स्थानमा आँखाका बिरामीको परीक्षण तथा मोतीबिन्दुको पहिचान गरिएको थियो ।

परीक्षणका क्रममा ३९ जना मोतीबिन्दुका बिरामी भेटिएका थिए । सबै जनाको जिल्ला अस्पतालमै शल्यक्रिया गरिएको लायन्स क्लब अफ शिवालय कुश्माका अध्यक्ष मीनप्रसाद शर्माले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाभर तीन सय ५० जनाभन्दा बढीको आँखा परीक्षण गरिएको थियो । कतिपय बिरामीको दुवै आँखाको शल्यक्रिया पनि गरिएको थियो । सामान्य समस्या देखिएकालाई निःशुल्क औषधि र चश्मासमेत वितरण गरिएको थियो ।

शिविरमा हिमालय आँखा अस्पताल पोखरा र पर्वत अस्पतालको प्राविधिक सहयोग रहेको थियो । जिल्लास्थित लायन्स क्लब अफ शिवालय कुश्मा, लायन्स क्लब अफ पर्वत मोदीकाली, लायन्स क्लब अफ पर्वत कुश्मा सिटी र लायन्स क्लब अफ पर्वत कालीगण्डकीले संयुक्तरुपमा शिविर आयोजना गरेका थिए ।

# प्रकृति र संस्कृतिलाई घरवासमार्फत जोड्दै पसगाउँ

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

ढुङ्गैढुङ्गाले छपक्क छापिएको गाउँ जसको शिरमा क्होंम्रेडाँडा छ भने पुछारमा अचम्मका प्रकृतिले कुँदिएका शिला अनि फुक्दा भ्वाँभ्वाँ बज्ने प्राकृतिक बाजा । प्रकृतिले मात्रै नभइ संस्कृतिले पनि सजिएको ऐतिहासिक गाउँको पहिचान बनाएको छ लमजुङको क्होलासौँथर गाउँपालिका-६ स्थित पसगाउँ । समुद्री सतहबाट एक हजार छ सय ५० मिटरको उचाइमा रहेको यो गाउँको प्राचीन मौलिकतालाई जगेर्ना गर्दै गुरुङ समुदायको कृष्णचरित्र नृत्य, सारङ्गी नृत्य, झ्याउरे नाच, सती घाटु नाचलगायत लोपोन्मुख संस्कृतिलाई जोगाएर राखिएको छ । गाउँको प्रकृति र संस्कृतिलाई पर्यटनसँग जोड्ने लक्ष्यका साथ पसगाउँमा विसं २०६० देखि घरवास(होमस्टे) सञ्चालन गर्दै आइएको पसगाउँ सामुदायिक होमस्टेका अध्यक्ष एवं क्होलासौँथर गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङले बताउनुभयो । "पर्यटनको विकासलाई लक्षित गरी प्रकृति र संस्कृतिलाई होमस्टेमार्फत जोड्ने गरी निरन्तर लागिरहेका छौँ", उहाँले भन्नुभयो, "प्राचीन मौलिकताको जगेर्ना गर्दै पर्यटनको विकाससँगै स्थानीयको आजआर्जन वृद्धि गरी समृद्धि हासिल गर्नु हाम्रो लक्ष्य छ ।" होमस्टेमा प्रत्येक दिन एक सयसम्म पर्यटक राख्न सकिने होमस्टेका अध्यक्ष गुरुङले बताउनुभयो । "स्थानीय मौलिकतालाई जोगाउनका लागि ढुङ्गाले छाएका घरलाई संरक्षण गरिएका छन् । गाउँका चोक तथा बाटो पनि ढुङ्गाले छापिएका छन्", उहाँले भन्नुभयो । यहाँका एक सय ५३ घरधुरीमध्ये अधिकांशका छाना ढुङ्गाबाटै छाइएका स्थानीय चन्द्रबहादुर गुरुङले बताउनुभयो । विगतमा यहाँ भेडापालन राम्रो हुने गरे पनि पछिल्लो समय कृषिप्रतिको अनिच्छासँगै भेडापालनमा कमी आएको उहाँको भनाइ छ । पछिल्ला समय युवा जनशक्ति विदेशिने क्रमको असर रमणीय गाउँहरूले भोगिरहेको बताउँदै चन्द्रबहादुरले यसबाट पसगाउँ पनि अछुतो नबनेको उल्लेख गर्नुभयो ।

यहाँको मौलिकता जोगाउनका २०६० सालदेखि होमस्टे एकजुट भएर लागिरहेको बताउँदै ७८ वर्षीय पदमबहादुर गुरुङले गाउँको शिरको क्होंम्रेडाँडा, पुछारमा रहेका कलात्मक प्राकृतिक शिला, भ्वाँभ्वाँ बाजालगायत वस्तुले यहाँको पहिचान बनाएको उल्लेख गर्नुभयो । कैलाश पर्वत जस्तै देखिने शिलाका साथै विभिन्न देवीदेवताका आकृतिका शिलाले यहाँको धार्मिक महत्वलाई पनि उजागर गरेको पदमबहादुरले बताउनुभयो । गाउँ भन्दा तल रहेका प्राकृतिक शिलाको अध्ययन अनुसन्धान आवश्यक रहेको भन्दै यी शिलालाई गाउँको पर्यटनसँग जोड्नु अपरिहार्य रहेको उहाँले बताउनुभयो। शिला रहेको क्षेत्रस्थित सेतो भिरमा प्राचीनकालदेखि लामा बस्ने विश्वास रहेको भन्दै पदमबहादुरले प्रत्येक साउने सङ्क्रान्तिमा लुतो फाल्ने समयमा यस भिरमा बन्दुक पड्काउने प्राचीन विश्वास रहेको उल्लेख गर्नुभयो । "मैले बाल्यावस्थामा साउने सङ्क्रान्तिको दिन साँझ लुतो फल्ने समयमा बन्दुक पड्किएको प्रत्यक्ष अनुभूति गरेको छु", उहाँले भन्नुभयो । यहाँस्थित ठूलो शिलाको फेदमा रहेको देवीको प्राकृतिक मूर्तिलाई स्थानीयले अत्यन्त श्रद्धाविश्वासका साथ पूजाआजा गर्ने गरेको उल्लेख गर्दै पदमबहादुरले पूजा गरेमा मनले चिताएको पुग्ने विश्वास रहेकाले यहाँको धार्मिक महत्व झनै बढेको बताउनुभयो । यहाँस्थित ढुङ्गाको प्वालमा फुकेर भ्वाँभ्वाँ गरी बजाउने प्राकृतिक बाजा पनि अर्को महत्वपूर्ण आकर्षण रहेको स्थानीय पदमबहादुरको भनाइ छ। ढुङ्गाको प्वालबाट फुक्दा वरपरका गाउँसम्म सुनिने गरी भ्वाँभ्वाँ बज्ने भएकाले यसलाई भ्वाभ्वाँ बाजा भनिएको उहाँले जानकारी दिनुभयो । गाउँमा होमस्टे सञ्चालनमा आएसँगै पोखरालगायत विभिन्न स्थानबाट पर्यटक आउने गरेका पसगाउँ सामुदायिक होमस्टेका पूर्वअध्यक्ष बलराम गुरुङले बताउनुभयो । गाउँमा कूल एक सय ५३ घरमध्ये अधिकांश गुरुङ समुदायका रहेका बताउँदै उहाँले हाल २१ घरमा होमस्टे सञ्चालन भइरहेको जानकारी दिनुभयो । सुरुमा तीना घरबाट होमस्टे सुरु गरिएको भन्दै बलरामले यहाँ आएका पर्यटक खुसी भएर फर्कने गरेको अनुभव सुनाउनुभयो । पसगाउँ आइपुग्न अझै पनि बाटो राम्रोसँग व्यवस्थित भइनसकेको बताउँदै उहाँले बाटोलगायतका पूर्वाधार निर्माण गर्न सके पर्यटकको आगमन बढ्ने विश्वास व्यक्त गर्नुभयो । पसगाउँ आउन विभिन्न बाटा रहेका छन् । लमजुङको बैँसीसहरबाट घलेगाउँ, भुजुङ हुँदै यहाँ आउन सकिन्छ भने बैँसीहरबाटै मालिङ, साल्मे भञ्ज्याङ हुँदै पनि आउन सकिन्छ। पोखराबाट कालिका हुँदै, रामबजार कर्पुटार हुँदै यहाँ आउने सवारीसाधन सञ्चालन हुन्छन् । पोखराहुँदै यहाँ आउनका लागि कास्कीको मादीतर्फको बाटो व्यवस्थित नहुँदा यात्रुले समस्या भोग्दै आएका यातायात व्यवसायी अनिल गुरुङले बताउनुभयो । मादीतर्फका केही खण्डमा सडक व्यवस्थित गर्न सकेमा नियमित आवतजावत सहज बन्ने उहाँको भनाइ छ । प्रकृति र संस्कृतिले सम्पन्न पसगाउँसम्म पुग्ने सडकलाई स्तरोन्नति गर्न राज्यको ध्यान पुग्नु जरुरी रहेको नेपाल उद्योग तथा व्यवसायी महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष बोबरजङ्ग गुरुङले बताउनुभयो । "प्रकृति र संस्कृतिले सम्पन्न गाउँमा पर्यटक पुग्नका लागि सडक सञ्जाल व्यवस्थित हुनु अपरिहार्य छ", उहाँले भन्नुभयो, "राज्यले सडक व्यवस्थित गरिदिएमा यहाँका स्थानीय पर्यटकीय गतिविधि बढाउन थप अग्रसर हुनेछन् ।"प्रचारप्रसार र प्रवर्द्धनका माध्यमबाट रमणीय गाउँलाई पर्यटनसँग जोड्न सकिने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख नवीन पोखेलले बताउनुभयो । स्थानीयको जागरुकतासँगै पर्यटन प्रवर्द्धनमा बोर्डका तर्फबाट सक्दो सहयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

# महिला समूहले खोल्यो दुनाटपरी उद्योग

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० फागुन

बागलुङ बजारमा पहिलोपटक दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको छ । उद्यमशील मगर महिला समूह बागलुङ नगरपालिका-३ शान्तिटोलले मङ्गलबारदेखि दुनाटपरी उत्पादन गर्न थालेको छ ।

साल तथा कटुसको पातलाई बाँसको सिन्काले उनेर परम्परागत तरिकाबाट बनाउने दुना तथा टपरीलाई आधुनिक ढङ्गले उत्पादन गर्न थालिएको हो । वनमा खेर गइरहेको सालको पातको सदुपयोग गर्दै दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको मगर महिला समूहले जनाएको छ । रु तीन लाख लागतमा सञ्चालनमा ल्याइएको उद्योगको गण्डकी प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापा र गण्डकी प्रदेशका प्रदेशसभा सदस्य कुसुम बुढाले संयुक्तरूपमा उद्घाटन गर्नुभएको थियो ।

उद्घाटनपछि मन्त्री थापाले साना तथा घरेलु उद्योगलाई गण्डकी प्रदेश सरकारले प्रोत्साहन गर्ने बताउनुभयो । उहाँले महिला समूह मिलेर नेपाली समाजमा अत्यावश्यक रहेको दुनाटपरी उद्योग सञ्चालन ल्याएर आत्मनिर्भरको बाटोमा लागेकामा खुसी व्यक्त गर्नुभयो ।

धार्मिक कार्यका लागि महत्वपूर्ण मानिँदै आएको दुनाटपरी पछिल्लो समय अन्य प्रायोजनमा समेत प्रयोगमा आउन थालेको छ । दुनाटपरी रेष्टुराँमा प्रयोगमा आउन थालेको छ । २८ जनाको महिला समूहले बङ्गुरपालन व्यवसाय गर्दै आएकामा गत वर्षको अफ्रिकन स्वाइन फिवरका कारण बङ्गुर मरेपछि दुना टपरी उद्योग सञ्चालनमा ल्याइएको उद्यमशील मगर महिला समूहका अध्यक्ष बलकुमारी पुनले जानकारी दिनुभयो। काठमाडौँदेखि दुनाटपरी बनाउने रु एक लाख ९२ हजारको औजार खरिद गरेर भाडामा सटर लिएर दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको पुनको भनाइ छ। अहिले महिला समूहले दुनाटपरी बनाउनका लागि प्रशिक्षण लिइराखेको उहाँको भनाइ छ। "झन्डै रु २२ लाखको लगानीमा खोलिएको बङ्गुरपालन व्यवसायबाट नोक्सानी भयो, महिला समूहले राम्रो आम्दानी गर्दै आएको बङ्गुरपालन व्यवसाय धराशयी भएपछि अहिले दुनाटपरी उद्योग सञ्चालनमा ल्याएका छौँ, विशेषगरी सालको पातलाई सुकाएर मेसिनमा राख्दा सोझै दुनाटपरी बनेर निस्कन्छ," पुनले भन्नुभयो, "बागलुङमा पोखरा र बुटबलबाट दुनाटपरी आयात भएको देखेपछि महिला समूहले सामूहिक रूपमा दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको हो, उक्त उपकरणले पाँच थरी साइजका दुनाटपरी बनाउन सक्नेछ ।"

महिला समूहकै खर्चले उद्योग सञ्चालनमा ल्याए पनि स्थानीय सरकारले वनमा खेर गएको सालको पात टिप्नका लागि सहजीकरण गर्न आवश्यक रहेको पुनको भनाइ छ । उद्यमशील मगर महिला समूहले रु १५ लाख सङ्घीय सरकारको अनुदान र महिला समूहको रु सात लाख लगानीमा खाल्टेखेतमा बङ्गुरपालन गर्दै आएको थियो । गत वर्ष अफ्रिकन स्वाइन फिवर महामारीका कारण बङ्गुर फार्ममा रहेका छ सय बङ्गुर मरेपछि मगर महिला समूहले यस वर्ष दुनाटपरी उद्योग सञ्चालनमा ल्याएको हो ।

बागलुङ बजार आसपासमा खेर गएका सालका पातलाई दुनाटपरी बनाएर बजारमा पठाउन थालिएको छ । पछिल्लो समय सालका पातका दुना तथा टपरीमा रेष्टुराँका परिकार बिक्री गर्न थालिएपछि यसको माग उच्च रहेको र आयातित दुनाटपरीलाई प्रतिस्थापन गर्न दुनाटपरी उद्योग सञ्चालनमा ल्याइएको हो ।

दुनाटपरी उद्योगले मगर महिला समूहले रोजगारी पाउने अपेक्षा गरिएको छ। दुनाटपरीलाई रु दुईदेखि रु आठसम्ममा बजारमा बिक्री गर्न सकिनेछ। बागलुङको भीमगिठेमा यसअघि नै दुनाटपरी उद्योग सञ्चालनमा आएको थियो ।

# एकै परिवारले गऱ्यो ३५ लाखको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
गल्याङ, ३० फागुन

स्याङ्जाको गल्याङ नगरपालिका-७, सिरौँलास्थित एकै परिवारले रु ३५ लाखको सुन्तला उत्पादन गरेर बिक्री गरेका छन् । सफल सुन्तला उत्पादक किसानको पहिचान बनाउनुभएका यहाँका ८२ वर्षीय किसान देवीप्रसाद भण्डारीका छोराहरूले यस वर्ष रु ३५ लाखको सुन्तला उत्पादन गरेर बिक्री गरेको बताउनुभयो ।

उहाँले करिब एक हजार सुन्तलाको बोट हुर्काएर छोराहरूलाई हस्तान्तरण गरेको बताउनुभयो । भण्डारीले करिब ४० वर्षदेखि परम्परागतरूपमा सुन्तला लगाउँदै आउनुभएको हो । "चिन्दै नचिनेका मान्छेहरू स्याङ्जाबाट आएर यहाँ सुन्तला हुन्छ भनेर हौसला दिनुभयो", देवीप्रसादले भन्नुभयो, "पहिला परम्परागतरूपमा लगायौँ भने २० वर्षदेखि व्यावसायिक सुन्तलाखेती गर्दै आएका छौँ ।" उहाँले हालसम्म छोराहरूले तीन हजार सुन्तलाका बोट पुऱ्याएको दाबी गर्नुभयो । देवीप्रसादका छभाइ छोरामध्ये तीनभाइले सुन्तलाखेती गर्दै आएका छन् । भण्डारीको काइँलो छोरा ताराप्रसादले यस वर्ष मात्रै रु २० लाखको सुन्तला उत्पादन गरेर बिक्री गर्नुभयो । उहाँले अघिल्लो वर्ष रु १६ लाखको सुन्तला उत्पादन गर्नुभएको थियो । यस वर्ष जेठो छोरा डोलराज भण्डारीले रु १० लाख र साइँलो छोरा कमलले रु पाँच लाखको सुन्तला उत्पादन गरेर बिक्री गर्नुभयो । उहाँहरूले पनि अघिल्लो वर्ष करिब रु १० लाखको सुन्तला बिक्री गर्नुभएको थियो । तीन वर्षपहिले सिम्रन कृषि तथा पशुपालन फार्म दर्ता गरेरै सुन्तलाखेतीलाई व्यवस्थित गरेको ताराप्रसादका छोरा कविराजले बताउनुभयो । उहाँका अनुसार हाल आफ्नो बगैँचामा उत्पादन दिने एक हजार बोट छन्भने बिरुवा र उत्पादन दिने तयारीका करिब एक हजार बोट छन् । एक हजार बोट नयाँ बिरुवा लगाउन खाल्डा तयारी अवस्थामा रहेको कविराजले बताउनुभयो । उहाँले पुराना बोट मासेर नयाँ लगाएका कारण यो वर्ष सुन्तला उत्पादन सोचेजस्तो नभएको सुनाउनुभयो । उहाँले काउली, बन्दा, अकबरे खुर्सानीलगायत तरकारी बिक्री गरेर वार्षिक रु तीन लाख बिक्री गर्दै आएको बताउनुभयो । "खेती किसानीमा सबै परिवार आबद्ध छौँ । काम गरेअनुसारको प्रतिफल पनि छ", कविराजले भन्नुभयो, "तर पनि कहिलेकाहीँ सबै विदेश जाँदा विदेश जाने रहर जाग्न थालेको छ ।" कविराजको हजुरआमा उमादेवी भण्डारीले विदेशको कमाई जित्न सक्ने यहाँ सुन्तला उत्पादन हुने बताउनुभयो । "यहाँ सुनसरह सुन्तला फल्छन् तर पनि नातिहरू विदेश जान्छौँभन्दा मन अमिलो हुन्छ", उहाँले दुखेसो पोख्नुभयो, "हामीलाई सम्पत्ति पुग्दो छ, केही चाहिएको छैन, बुढेसकालमा छोरानातिसँगै बस्न पाए मनै हलुङ्गो हुन्थ्यो ।" यहाँ उत्पादित सुन्तला काठमाडौँ, बुटवल, पोखरा, कावासोती, इटहरी, धादिङ, इनरुवालगायत जिल्लामा निर्यात हुने गरेको छ । ठेकेदारहरू गाडी नै लिएर सुन्तला खरिद गर्न आउँछन् । यहाँका किसानले पनि 'ग्रेडिङ' गरिएको सुन्तला रु ६० देखि एक सय २० सम्ममा ठेकेदारलाई थोक मूल्यमा बिक्री गर्ने गरेका छन् । किसान ताराप्रसादले सिँचाइको चरम अभावका कारण यहाँको माटो र हावापानीअनुसार सुन्तला उत्पादन नभएको गुनासो गर्नुभयो । "सिँचाइको सुविधा मात्र भए ५० प्रतिशतले उत्पादन बढाउन सकिन्थ्यो," उहाँले भन्नुभयो, "जिल्लामै सिरौँसा सुन्तला उत्पादनका लागि प्रख्यात भए पनि सरकारी निकायबाट त्यति राम्रो सहयोग पाएका छैनौँ ।" ताराप्रसादले सिँचाइ, बिरुवा, उपचार, अनुदान, बजारीकरण, परामर्शलगायत सहयोग पाए आफूहरूलाई ठूलो राहत मिल्ने बताउनुभयो । सुन्तला पकेट सञ्चालक समिति सिरौँसाका अध्यक्ष रामप्रसाद भण्डारीले सिरौँसामा अघिल्लो वर्ष रु दुई करोडको सुन्तला बिक्री भएको बताउनुभयो । उहाँले अघिल्लो वर्ष सुन्तला पकेट क्षेत्रमा आबद्ध ६० जना किसानले रु दुई करोड ५० लाख मूल्यबराबरको सुन्तला बिक्री गरेको दाबी गर्नुभयो ।

विसं २०७० देखि यहाँ सुन्तला पकेट क्षेत्र घोषणा गरेर 'सुन्तला पकेट क्षेत्र' कार्यक्रम सञ्चालन गरिएको छ । कृषि ज्ञान केन्द्र स्याङ्जा, सुन्तला सुपर जोन स्याङ्जा, बाली संरक्षण कार्यालय पोखराले सिरौँसामा सुन्तलासम्बन्धी प्रशिक्षण, अनुदान, परामर्श, बीउबिजनमा सहयोग गर्दै आएको छ । ती निकायले पक्की ट्याङ्की, प्लास्टिक ट्याङ्की, प्लास्टिक पोखरी निर्माण गरिदिएका छन् । यहाँ सुन्तला आइपिएम पाठशालासमेत सञ्चालनमा छ ।

# क्षयरोगबाट तनहुँमा छ महिनामा सातको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ३० फागुन

चालु आर्थिक वर्षको छ महिनाको अवधिमा तनहुँमा क्षयरोगबाट सातजनाको मृत्यु भएको छ । गत साउनदेखि पुस मसान्तसम्म छ महिनाको अवधिमा सातजनाको क्षयरोगका कारण मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

मृत्यु हुनेमा व्यास नगरपालिकामा तीन, भानु नगरपालिकामा एक, बन्दीपुर गाउँपालिकामा एक, देवघाट गाउँपालिकामा एक र भिमाद नगरपालिकामा एकजना रहेको स्वास्थ्य कार्यालयका क्षयरोग स्रोत व्यक्ति सुदीप कँडेलले जानकारी दिनुभयो । तनहुँमा चालु आर्थिक वर्षमा एक सय ५७ जनामा क्षयरोग पुष्टि भएको छ । सबैभन्दा बढी व्यास नगरपालिकामा ५६ सङ्क्रमित रहेका छन् । कँडेलका अनुसार भानु नगरपालिकामा २०, शुक्लागण्डकी नगरपालिकामा २०, भिमाद नगरपालिकामा १३, देवघाट गाउँपालिकामा १३, आँबुखैरेनी गाउँपालिकामा १२, घिरिङ गाउँपालिकामा सात, बन्दीपुर गाउँपालिकामा सात, म्याग्दे गाउँपालिकामा छ र ऋषिङ गाउँपालिकामा तीनजनामा क्षयरोग पुष्टि भएको छ। क्षयरोग नियन्त्रणका लागि जिल्लाका सबै सरकारी स्वास्थ्य संस्थामा निःशुल्क औषधि पाइन्छ । नियमित खोकी लाग्नु, रुघाखोकी हुनु, खकारमा रगत देखापर्नु, साँझपख ज्वरो आउनु, राति सुतेको बेलामा पसिना आउनु, तौल घट्दै जानु, खाना नरुच्नु क्षयरोगीमा देखिने लक्षण भएको स्वास्थ्यकर्मी बताउँछन् ।

छ महिनासम्म नियमित औषधि सेवन गरे क्षयरोग निको हुने भए पनि क्षयरोगी पहिचान हुन नसक्दा सफल उपचार दर वृद्धि हुन नसकेको स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले बताउनुभयो । उहाँले अशिक्षा, अज्ञानता र भौगोलिक कारणले क्षयरोगी उपचारको पहुँचमा आउन नसकेको बताउनुभयो ।


# कर्जा तिर्न आउने बारे १५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८०/१२/१)**

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को पोखरा -९ नयाँबजार कास्कीको तपशिल बमोजीम उल्लेखित ऋणीले घर /जग्गा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तार ताकेता गर्दा र मिति २०८०/१०/२४ गते पोखरापत्र राष्ट्रिय दैनिकमा ३५ (पैतिस) दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीले कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/ भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु/बुझाउनेपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जना र ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्था बिच भएको लिखितको शर्तअनुसार ऋणी तथा धनजमानीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा संस्थाको नाममा धितोबन्धकमा राखिएको घर /जग्गा नियन्त्रणमा लिई लिलाम बिक्री गर्नुका साथै नपुग रकम ब्यक्तिगत धनजमानी दिने तपसिलका व्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको हक लाग्ने चल अचल सम्पतीबाट समेत जिल्ला अदालतमा मुद्दा चलाई चल र अचल सम्पती बिक्री गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा धनजमानीलाई यसै सूचनाद्धारा जानकारी गराउँदछौं ।

**तपशील**

| | | | |
|---|---|---|---|
| **ऋीणीको नाम : रजनी श्रेष्ठ**<br>बुबा : ओम कुमार श्रेष्ठ<br>श्रीमान : चक्र बहादुर श्रेष्ठ<br>ससुरा : मान बहादुर<br>ठेगाना : पोखरा-४ गैह्रापाटन, कास्की मझेरीपाटन, कास्की |  | **धन जमानीको नाम : चक्र बहादुर श्रेष्ठ**<br>बुबा : मान बहादुर नगरकोटी<br>बाजे : चक्रमान नगरकोटी<br>ना.प्र.प.: ४२३५/धादिङ<br>मितिः २०५०/११/०८<br>ठेगाना : पोखरा -४, गैह्रापाटन<br>व्यवसाय : रिदम टुर्स एण्ड टाभिल्स गैह्रापाटन, पोखरा-४ |  |
| **धन जमानीको नाम : सबिता कर्माचार्य**<br>बुबा : भक्त मान श्रेष्ठ<br>बाजे : भिम नारायण श्रेष्ठ<br>श्रीमान : प्रबिन कर्माचार्य<br>ना.प्र.प.:४६१००१/१७१७७ कास्की<br>मितिः २०६८/०८/०९<br>ठेगाना : पोखरा -९, बगालेटोल, कास्की |  | धन जमानीको नाम : ऋचा श्रेष्ठ<br>बुबा : चक्र बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर नगरकोटी<br>ना.प्र.प.: ४६-०१-७५-०६६३०<br>कास्की मितिः२०७५/१०/०२<br>ठेगानाः पोखरा ४,गैह्रापाटन, कास्की |  |

**धितो विवरण**

| क.स | घर/जग्गा धनी | घर/जग्गा रहेको ठेगाना | कि.न | क्षेत्रफल/वर्गमीटर |
|---|---|---|---|---|
| १ | **रजनी श्रेष्ठ**<br>ना.प्र.नं. ४६-०१-७३-०७६१०<br>मितिः २०७३/०९/०५ कास्की | पोखरा -१८, कास्की | ७१ | ०-०-०-०/<br>१५५.९७ |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
**पोखरा -९, नयाँबजार, कास्की**
**फोन नं. : ०६१-५८९३९१**